**बैठक नं.८**

आज मिति २०८०/१०/३ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:०० बजे ।

स्थान : बुटवल उंपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

अनिल गहतराज का.वा. अध्यक्ष -५

**प्रस्ताव नं.८.१**

मिति २०८०।९।१० मा बसेको सातौ बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. ८.१**

- बुटवल उपमहानगरपालिकाको जलस्रोत (उपयोग) विधेयक, २०८० नगरसभाको चौधौ अधिवेशनमा प्रस्तुत गर्ने गरी सिफारिस गरिएको । उक्त विधेयक नगरसभाबाट स्वीकृत भएको र प्रमाणीकरण गरी स्थानीय राजपत्रमा समेत ऐन प्रकाशित भइसकेको छ ।
- बुटवल उपमहानगरपालिकाको छाडा चौपाया व्यवस्थापन र नियन्त्रण (गौशाला संचालन) विधेयक, २०८० नगरसभाको चौधौ अधिवेशनमा प्रस्तुत गर्ने गरी सिफारिस गरिएको । उक्त विधेयक नगरसभाबाट स्वीकृत भएको र प्रमाणीकरण गरी स्थानीय राजपत्रमा समेत ऐन प्रकाशित भइसकेको छ ।
- नगर शिक्षा ऐन, २०७४ (दोस्रो संशोधन २०८०) मा संशोधन आवश्यक भएकोले संशोधन प्रस्ताव नगरसभामा पेश गर्ने गरी निर्णय लिइएको । उक्त संशोधन प्रस्ताव नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा समेत प्रकाशित भइसकेको ।
- नगर स्वास्थ्य ऐन, २०७५ (दोस्रो संशोधन २०८०) मा संशोधन आवश्यक भएकोले संशोधन प्रस्ताव नगरसभामा पेश गर्ने गरी निर्णय लिइएको । उक्त संशोधन प्रस्ताव नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।
- आ.व. ०७९/०८० को बुटवल उपमहानगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) का विषय क्षेत्रहरु र सूचक बमोजिमको डाटा प्रविष्ट गरी प्राप्त हुन आएको अंक जानकारीमा लिइएको ।
- बुटवल उपमहानगरपालिका अर्न्तगतका वडा नं. १२ देखि १९ सम्मका वडाहरुमा ग्राभेलिङ्गका लागि रकम विनियोजन गर्ने गरी निर्णय लिइएको ।
- उधौली यमरी पर्व मनाउने समुदायका बासिन्दाहरुको लागि शुभकामना दिइएको ।

**प्रस्ताव नं. ८.२**

पुर्न प्रयोग (कवाडीजन्य) योग्य सामग्री व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. ८.२**

मिति २०८०।७।२२ मा बसेको नगरकार्यपालिकाको पाँचौ बैठकको निर्णय नं. ५.६ अर्न्तगत टेबुल भएको बुटवल उपमहानगरपालिकाको पुर्न प्रयोग (कवाडीजन्य) योग्य सामग्री व्यवस्थापन कार्यविधि, २०८० माथि दफावार छलफल गरियो ।उल्लेखित कार्यविधि आवश्यक भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८.३
करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० स्वीकृत सम्बन्धमा ।
निर्णय नं. ८.३
करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ कार्यान्वयनको सर्न्दभमा उक्त कार्यविधिमा भएका दफा उपदफाहरुको थप व्याख्या एवं स्पष्टताका लागि केही थपघट गरी संशोधन एवं परिमार्जन गर्न आवश्यक भएकोले परिमार्जन गर्ने गरी मिति २०८०।१०।२ मा बसेको विधेयक समिति र विधायन समितिको संयुक्त बैठकबाट सिफारिस भई आएको र उल्लेखित कार्यविधि उपमहानगरपालिकाको लागि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८.४
दुध मिसनका लागि पाडी प्रर्बधन कार्यक्रम संचालन कार्यविधि, २०८० टेबुल गर्ने सम्बन्धमा ।
निर्णय नं. ८.४
बुटवल उपमहानगरपालिकाका लागि दुध मिसनका लागि पाडी प्रवर्धन कार्यक्रम संचालन कार्यविधि, २०८० आवश्यक भई कार्यालयले तयार गरी मिति २०८०।१०।२ मा बसेको विधेयक समिति र विधायन समितिको संयुक्त बैठकमा छलफल भई आजको बैठकमा प्रस्तुत हुन आएको उल्लेखित कार्यविधि, २०८० टेबुल गरियो ।

प्रस्ताव नं. ८.५
जितगढी किल्ला संरक्षण, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० टेबुल गर्ने सम्बन्धमा ।
निर्णय नं. ८.५
बुटवल उपमहानगरपालिकाका लागि जितगढी किल्ला संरक्षण, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० आवश्यक भई कार्यालयले तयार गरी मिति २०८०।१०।२ मा बसेको विधेयक समिति र विधायन समितिको संयुक्त बैठकमा छलफल भई आजको बैठकमा प्रस्तुत हुन आएको उल्लेखित कार्यविधि, २०८० टेबुल गरियो ।

प्रस्ताव नं.८.६
पुरानो बसपार्कमा रहेका मासु व्यवसायीहरुसंगको म्याद समाप्त भएकोले म्याद थप गर्ने सम्बन्धमा ।
निर्णय नं. ८.६
बुटवल उपमहानगरपालिकाको स्वामित्वमा वडा नं. ६ स्थित पुरानो वसपार्कमा रहेको १४ वटा मासु पसल सटर व्यवसायीहरूको म्याद मिति २०८० आषाढ मसान्तमा समाप्त भएकोले व्यवसायीहरूको तर्फबाट म्याद थपका लागि अनुरोध गरिए बमोजिम वैकल्पिक स्थानको व्यवस्था नभएसम्मका लागि प्रचलित कानूनको परिधिभित्र रही स्वस्थ्य मासु विक्री वितरण, स्वच्छ वातावरण, फोहरमैला व्यवस्थापन व्यवसायीहरूको तर्फबाट साविककै मासिक वहाल रकम भुक्तान गर्ने गरी मिति २०८० श्रावण महिनादेखि २०८० पौष मसान्त सम्मका लागि म्याद थप गरिएकोमा मासु व्यवसायीहरुबाट उत्पादन हुने पशुको छाला र हड्डी संकलन र व्यवस्थापन गर्नका लागि स्थानको छनौट गर्ने कार्य प्रकृयामा

रहेको हुंदा साबिककै शर्त तथा बहालदर लागु हुने गरी मिति २०८० चैत मसान्त सम्म पुनः म्याद थप गर्ने गरी मिति २०८०।९।२२ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.७**
चमेनागृहको संचालन तथा व्यवस्थापनका लागि न्यूनतम दररेट तोकी टेण्डर प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

**निर्णय नं.८.७**
बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय परिसरमा रहेको नवनिर्मित चमेनागृहको सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम कवोल अंक निर्धारण गरी नगरकार्यपालिकाको कार्यालयद्वारा तोकिएको शर्त तथा मापदण्डका आधारमा खाजा खानाको मूल्यसूची बमोजिम सञ्चालन गर्ने गरी वहाल रकम भ्याट बाहेक मासिक रू. ५०,०००।- कायम गरी ५ वर्षका लागि प्रत्येक वर्ष वार्षिक ५% का दरले वृद्धि हुने गरी आय ठेक्का मार्फत चमेनागृह संचालन तथा ब्यवस्थापन गर्न ठेक्का प्रक्रियामा लैजाने गरी नगरकार्यपालिकाको निर्णय अनुसार आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली, २०७६ बमोजिम प्रथम पटक ३० दिन, दोस्रो पटक १५ दिन र तेस्रो पटक ७ दिनको सूचना प्रकाशन गरी बोलपत्र आव्हान गर्दा समेत कुनै पनि बोलपत्र खरिद नभएको हँदा सो सम्बन्धमा विश्लेषण गर्दा कार्यालय परिसरमा रहेको चमेनागृहमा बाहिर संचालन गर्ने रेष्टुरेण्ट सरह ब्यवसाय नहुने, चमेनागृहका मुख्य ग्राहक कर्मचारी तथा जनप्रतिनिधि मात्र हुने हुँदा दैनिक प्राय एकै प्रकारको सामान्य ब्यवसाय हुने तथा चमेनागृहको छुट्टै अनुशासन र मापदण्ड हुने एवं कार्यालयले परिसर भित्र चमेनागृह संचालनमा ल्याउनुको मुख्य उद्देश्य कर्मचारी तथा जनप्रतिनिधि र सेवा लिन आउने सेवाग्राही लक्षित रही स्वच्छ, सफा, सस्तो खाना, खाजाको ब्यवस्था गर्नु रहेको हुँदा तोकिएको खाना/खाजाको दररेट र नयूनतम मासिक बहाल अंकलाई परिमार्जन गरी अन्य प्रावधान यथावत रहने गरी मासिक रु. २६,५००।– न्यूनतम मासिक बहाल अंक कायम गरी पुनः ठेक्का प्रकियामा लैजाने गरी मिति २०८०।९।२२ मा बसेको राजश्व परामर्श समितिको बैठकबाट निर्णय भई कार्यालयबाट प्रस्तुत हुन आएको हुँदा राजश्व परामर्श समितिको बैठकको सिफारिस बमोजिम हुने गरी दररेट स्वीकृत गरी टेण्डर प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

खाजा, खानाको मूल्यसूची देहाय बमोजिम प्रस्ताव गरिएको छ ।

| सि.नं. | खानाको विवरण | मात्रा | इकाई | मुल्य रु. |
|---|---|---|---|---|
| १ | दुध चिया | १०० मि.लि. | कप | २० |
| २ | कागती चिया | १०० मि.लि. | कप | १५ |
| ३ | कालो चिया | १०० मि.लि. | कप | १० |
| ४ | कालो काफी | १०० मि.लि. | कप | २० |
| ५ | दुध कफी चिनी सहित | २००मि.लि. | कप | ४० |
| ६ | दुध | २००मि.लि. | गिलास | ४० |
| ७ | हट लेमन | २००मि.लि. | गिलास | २० |
| ८ | हट लेमन हनी सहित | २००मि.लि. | गिलास | ३० |

| सि.नं. | खानाको विवरण | मात्रा | इकाई | मुल्य रु. |
|---|---|---|---|---|
| ९ | चिकन सुप | २००मि.लि. | गिलास | ६० |
| १० | मसरुम सुप | २००मि.लि. | वउल | ६० |
| ११ | मटन सुप | २००मि.लि. | वउल | ७५ |
| १२ | भेजिटेवल सुप | २००मि.लि. | वउल | ५० |
| १३ | जाउलो | २००ग्राम. | प्लेट | ४० |
| १४ | उसिनेको अण्डा | प्रति पिस | | २० |
| १५ | चना प्रति प्लेट | १५० ग्राम | प्लेट | ३० |
| १६ | समोसा प्रति पिस | ८५ ग्राम | | २० |
| १७ | आलु मटरको तरकारी | १५० ग्राम | वउल | २० |
| १८ | पुरी तरकारी(४ पिस पुरी ,जेरी,आलुमटर तरकारी) | २५० " | सेट | ९० |
| १९ | पुरी तरकारी(४ पिस पुरी ,आलुमटर तरकारी) | २५० " | सेट | ७० |
| २० | गहुँको सादा रोटी प्रति पिस | ३० ग्राम | गोटा | १५ |
| २१ | आलु परौंठा प्रति पिस | १०० ग्राम | गोटा | २५ |
| २२ | सेल रोटी प्रति पिस | ९० ग्राम | गोटा | २० |
| २३ | अम्लेट (२ अण्डा) | १४० ग्राम | गोटा | ५० |
| २४ | दही प्रति कप | १९० ग्राम | कचौरा | ३० |
| २५ | चिकन म:म: १० पिस | २२५ " | प्लेट | १०० |
| २६ | चिकन म.म. फ्राई १० पिस | २२० " | प्लेट | १०० |
| २७ | स्टिम भेज म:म: १० पिस | २१० " | प्लेट | ७० |
| २८ | भेज पास्ता | २०० " | प्लेट | ७० |
| २९ | चिकन पास्ता | २०१ " | प्लेट | १०० |
| ३० | भेज चाउमिन फुल | ३८० ग्राम | प्लेट | ७० |
| ३१ | भेज चाउमिन हाप | ४० | प्लेट | ४० |
| ३२ | चिकन चाउमिन फुल | १३० | प्लेट | १०० |
| ३३ | चिकन चाउमिन हाप | ८० | प्लेट | ६० |
| ३४ | अण्डा चाउमिन फुल | ११० | प्लेट | ८० |
| ३५ | अण्डा चाउमिन हाप | ६० | प्लेट | ५० |
| ३६ | भेज खाना सेट जिरा मसिनो चामलमा | २०० | थाली सेट | १२० |
| ३७ | भेज खाना सेट वासमती चामलमा | २०० | थाली सेट | १४० |
| ३८ | रोटी खाना सेट | २०० | थाली सेट | १२० |
| ३९ | चिकन खाना सेट जिरा मसिनो चामलमा | सेट | थाली सेट | २०० |
| ४० | चिकन खाना सेट वासमती चामलमा | सेट | थाली सेट | २२० |
| ४१ | मटन खाना सेट जिरा मसिनो चामलमा | सेट | थाली सेट | ३२५ |
| ४२ | मटन खाना सेट वासमती चामलमा | सेट | थाली सेट | ३५० |
| ४३ | माछा खाना सेट | सेट | थाली सेट | २०० |

| सि.नं. | खानाको विवरण | मात्रा | इकाई | मुल्य रु. |
| --- | --- | --- | --- | --- |
| ४४ | चना अण्डा | प्लेट | प्लेट | ४५ |
| ४५ | समोसा मटर | प्लेट | प्लेट | ४० |
| ४६ | चाउचाउ पकाएको सादा | प्रति प्याकेट | वउल | ४० |
| ४७ | अण्डा चाउचाउ | प्रति प्याकेट | वउल | ६० |
| ४८ | मासु चिउरा चिकन, तरकारी/अचार | सेट | सेट | १२० |
| ४९ | मासु चिउरा मटन तरकारी/अचार | सेट | सेट | १७५ |
| ५० | थुक्पा भेज | प्लेट | प्लेट | ७० |
| ५१ | थुक्पा चिकेन | प्लेट | प्लेट | १०० |
| ५२ | मटन थुक्पा | प्लेट | प्लेट | १५० |
| ५३ | दही चिउरा | प्लेट | प्लेट | ५० |
| ५४ | खिर तरकारी/अचार | प्लेट | प्लेट | १०० |
| ५५ | भेज पकौडा | चार पिस | प्लेट | ५० |
| ५६ | पनिर पकौडा | चार पिस | प्लेट | १०० |
| ५७ | फलफूल (मिक्स फुट) | प्रति प्लेट | प्लेट | १२५ |
| ५८ | ग्रिन सलाद | प्रति प्लेट | प्लेट | ५० |
| ५९ | चकौनी | प्रति प्लेट | प्लेट | ३० |
| ६० | उसीनेको मकै/भुटेको मकै | प्रति प्लेट | प्लेट | ५० |
| ६१ | स्याण्डविच भेज | पिस | पिस | ८० |
| ६२ | स्याण्डविच चिकेन | पिस | पिस | १०० |
| ६३ | कोदो/ फाफरको राटी | पिस | पिस | ४० |
| ६४ | फेन्च फाई | प्लेट | प्लेट | ६० |
| ६५ | २ पिस रोटी तरकारी चटनी | प्रति प्लेट | प्लेट | ५० |
| ६६ | २ पिस रोटी तरकारी चटनीं दही | प्रति प्लेट | प्लेट | ८० |
| ६७ | लस्सी | गिलास | गिलास | ५० |
| ६८ | वटुक | ६ पिस | प्लेट | ४५ |
| ६९ | चिकेन चिल्ली | | प्लेट | २०० |
| ७० | चिकेन छोईला | | प्लेट | २०० |
| ७१ | फाई चिकेन सेट | | प्लेट | २०० |
| ७२ | फाई मटन सेट | | प्लेट | ३०० |
| ७३ | फाई माछा सेट | | प्लेट | २०० |

**प्रस्ताव नं.८.८**

शपिङ्ग कम्प्लेक्समा खाली रहेका सटरहरुको दररेट तोकी टेण्डर गर्ने सम्बन्धमा ।

**निर्णय नं.८.८**

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेका देहाय बमोजिमका शपिङ्ग कम्प्लेक्समा खाली रहेका बहाल प्रयोजनका सटरकोठाहरु बहालमा लगाउन आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली, २०७६ बमोजिम लगातार ३ पटक बोलपत्र आब्हानको सूचना गर्दा पनि बोलपत्र खरिद नभएको हुँदा तत्कालका लागि तोकिएको न्यूनतम बहाल अंकलाई परिमार्जन गरी पुनः आयठेक्का मार्फत वहाल बन्दोबस्ती गर्नुपर्ने भएकोले वर्तमान व्यापारमन्दीको अवस्थालाई मध्यनजर गर्दै वजार चलायमान बनाउन र सरकारी सम्पत्ति संरक्षण तथा आन्तरिक आय बृद्धि गर्न देहाय अनुसारका सटर कोठाहरुको मासिक बहाल अंकलाई परिमार्जन गरी देहाय बमोजिमको न्यूनतम बहाल अंक निर्धारण गरी ५ वर्षका लागि दोस्रो वर्षदेखि मासिक वहालमा ५% रकम वृद्धि गर्ने गरी आयठेक्का बन्दोबस्तीको टेण्डर प्रकियामा लैजानका लागि राजश्व परामर्श समितिको मिति २०८०।९।२२ मा बसेको बैठकबाट भएको सिफारिस बमोजिम कार्यालयबाट पेश हुन आएको हुँदा सोही बमोजिम हुने गरी टेण्डर प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| क.स. | शपिङ्ग कम्प्लेक्सको नाम | सटर नं. | कायम गर्नुपर्ने न्यूनतम मासिक वहाल |
|---|---|---|---|
| १ | अमरपथ शपिङ्ग कम्प्लेक्स (पुरानो बुटवल फाइनान्स रहेको भवन) | ४०९ | १२,०००।- |
| | | ४१० | १२,०००।- |
| | | ४११ | १०,०००।- |
| २ | हाटवजार शपिङ्ग कम्लेक्स माथिल्लो तल्ला | १२ | ७,०००।- |
| | | १३ | ७,०००।- |
| | | २१ | ७,०००।- |
| | | २२ | ७,०००।- |
| | | २४ | ७,०००।- |
| | | २५ | ७,०००।- |
| | | २६ | ७,०००।- |
| ३ | उजिरसिंह मा.वि. शपिङ्ग कम्प्लेक्स | १ | १०,०००।- |
| | | ९ | १२,०००।- |

**प्रस्ताव नं. ८.९**

समितिहरुको गठन सम्बन्धमा ।

**निर्णय नं. ८.९**

बुटवल उपमहानगरपालिकाबाट स्वीकृत ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डले निर्दिष्ट गरे बमोजिम यस नगरकार्यपालिका बैठकबाट मनोनयन गर्नु पर्ने देहायका समितिहरुमा देहाय बमोजिमका व्यक्तित्वहरुलाई देहायको पदमा मनोनयन गर्ने निर्णय गरियो ।

- **महिला उत्थान समिति**

  सहसंयोजकमा श्री बालकुमारी भण्डारी बुटवल -६

  सदस्यमा श्री कुमारीदेवी दर्नाल बुटवल-२ (नगरसभाका सदस्यहरु मध्येबाट)

- **दलित उत्थान समिति**

  सहसंयोजकमा श्री रवि बि.क. बुटवल -७

  सदस्यमा श्री माया परियार बुटवल-९ ( नगरसभाका सदस्यहरु मध्येबाट)

- **मुस्लिम उत्थान समिति**

  सहसंयोजकमा श्री सहमत मिया बुटवल-४

  सदस्यमा श्री याकुब खाँन (अध्यक्ष, फलफूल व्यवसायी संघ) बुटवल-९ (संघ संस्थाहरुको तर्फबाट)

- **लैङ्गिक तथा अल्पसंख्यक समिति**

  सदस्यमा श्री भवानी प्रसाद पाण्डे बुटवल-११ (मानव अधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकारकर्मीको तर्फबाट)

- **खेलकुद विकास समिति**

  सदस्यमा श्री गंगा पन्थी बुटवल -४

  समितिमा श्री शेरजङ्ग गुरुङ्ग बुटवल-१३

- **फोहोरमैला व्यवस्थापन समिति**

  सदस्यमा श्री दुर्गा बहादुर खत्री भन्ने दुर्गा बहादुर थापा बुटवल -११

  सदस्यमा श्री देवी भट्टराई बुटवल -३

- **कृषि विकास समिति**

  सदस्यमा श्री दुर्गा चापागाई बुटवल -१९

  सदस्यमा श्री हरिमाया ढकाल बुटवल -१५

- **बाल अधिकार समिति**

  सदस्यमा श्री यमुना श्रेष्ठ बुटवल -५

  सदस्यमा श्री सुर्य कार्की बुटवल -९

**प्रस्ताव नं. ८.१०**

दुर्गामन्दिर पथ नाली र सडक मर्मत कार्य सम्बन्धमा ।

**निर्णय नं. ८.१०**

बुटवल उपमहानगरपालिका वडा नं. ६ स्थित दुर्गामन्दिर पथको नाली र सडक जिर्ण भई सवारी साधन र पैदल यात्रुहरुको आवतजावतमा कठिनाई एवं असुविधा भएका कारण सडक तथा नाली मर्मत गर्न आवश्यक भएकोले दुर्गामन्दिरपथ नाली र सडक मर्मत गर्नको लागि वडा कार्यालयको च.नं. ६४२ मिति २०८०।०९।२६ गतेको पत्र मार्फत अनुरोध भई आएको सन्दर्भमा चालु आ.व. २०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत **दुर्गामन्दिरपथ नाली र**

सडक मर्मत बुटवल-६ का लागि खर्च शीर्षक ३११५१ क.सं. ५२३ , आन्तरिक स्रोत नगदमा रु. २२,००,०००। बजेट विनियोजन भएकोमा उक्त दुर्गामन्दिरपथ नाली र मर्मत गर्नका लागि प्राविधिकबाट भ्याट र कन्टेन्जेन्सी सहित **रु. १,२४,०८,०३९।०३ (अक्षरेपी रु. एक करोड चौबीस लाख आठ हजार उन्चालीस र पैसा तीन मात्र)** लागत अनुमान पेश भएको । सो लागत अनुमान रकम मध्ये रु. २२,००,०००। माथि उल्लेखित सोही योजनाको खर्च शीर्षकको बजेट रकमबाट र नपुग बाँकी रकम रु. १,०२,०८,०३९।०३ आगामी आ.व.को नगरसभाबाट बजेटको सुनिश्चितता हुने गरी बहुवर्षिय आयोजनामा समावेश गर्ने गरी स्वीकृत बजेट कार्यक्रम अर्न्तगत ठेक्का प्रकिया मार्फत कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.११**

योजना सम्झौताको म्याद थप सम्बन्धमा ।

**निर्णय नं. ८.११**

चालु आ.व. २०८०/०८१ का लागि नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम अवधि २०८० पौष मसान्त सम्मका लागि तोकिएको भए तापनि विविध कारणहरुले गर्दा उक्त सम्झौता अवधिलाई केही समय बढाउन आवश्यक देखिएको हुँदा २०८० माघ मसान्त सम्मका लागि म्याद थप गरी सोही अनुरुप कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.१२**

आधुनिक पशुबधशालामा विद्युत व्यवस्थापनका लागि ट्रान्सफरमर जडान सम्बन्धी ७ दिने ई-विडिङ्गको सूचना प्रकिया अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ८.१२**

बुटवल उपमहानगरपालिका वडा नं. १० रामनगर स्थित आधुनिक पशुबधशाला सचालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने विद्युतलाईन आपूर्ति नहुदा आधुनिक पशुबधशाला संचालन हुन नसकेको, सम्झौताको शर्त बमोजिम विद्युतीकरणको व्यवस्थापन उपमहानगरपालिकाले गर्नु पर्ने व्यवस्था भएको । आधुनिक पशुबधशाला संचालन गर्नु पूर्व आवश्यक पूर्वाधार निर्माण नहुंदा पशुबधशाला संचालन हुन नसकेको, जसकाकारण ठूलो लगानीमा निर्माण भएको बधशालाको संचालन नभई न.पा.ले पाउनु पर्ने राजश्वमा प्रभाव परेको, सो निर्माण नगर्दा बधशाला संचालकलाई क्षतिपूर्ति दिनु पर्ने अवस्था सिर्जना भएको, बुटवलवासीले स्वस्थ्यकर मासु उपभोग गर्न नपाएको भवन संरचनाहरु प्रयोगमा नआउदा खेर जान सक्ने भएको जस्ता कारणहरुले गर्दा उपमहानगरपालिकालाई थप हानी नोक्सानी हुन जान सक्ने देखिएकोले आवश्यक बजेट व्यवस्था गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १४५ बमोजिम छोटो अवधि अर्थात ७ दिनको मात्र कार्यालयबाट ई-विडिङ्ग मार्फत प्रतिस्पर्धा गराई खरिद प्रकिया अगाडि बढाईएको हुंदा सो कार्यलाई अनुमोदन गरियो ।

प्रस्ताव नं. ८.१३
खरिद सम्झौताको म्याद थप सम्बन्धमा ।
निर्णय नं. ८.१३
यस बुटवल उपमहानगरपालिकाबाट देहायको निर्माण व्यवसायीसंग देहायको योजना संचालन एंव कार्यान्वयन गर्ने गरी खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले निर्माण स्थलको जग्गामा बाटो विवाद भएको कारण खुलाई म्याद थपका लागि अनुरोध गरेको हुँदा प्राविधिक प्रतिवेदन समेतका आधारमा देहायको निर्माण व्यवसायीको देहाय बमोजिमको समय सम्मका लागि म्याद थप गर्ने गरी भएको प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरियो ।

| क.सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | ठेक्का रकम रु. | म्याद समाप्त हुने मिति | म्याद थप | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|---|
| १ | १५।०७९।८०/BSMC/Works/NCB | वडा नं. ११ देविनगर स्थित वी.पी., पी.एल. र सूर्यप्रसाद प्रधान स्मृति पार्कको वाउण्ड्रीवाल निर्माण कार्य | श्री ब्लुस्टोन कन्स्ट्रक्सन प्रा.लि.तिलोत्तमा -०२ रुपन्देही । | ४२,९२,३७३।४६ | २०८०।०९।१५ | २०८१।०३।१५ | निर्माण स्थलमा जग्गा/बाटो विवाद |

प्रस्ताव नं. ८.१४
म्याद थप सम्बन्धमा ।
निर्णय नं. ८.१४
यस बुटवल उपमहानगरपालिकाबाट देहायको निर्माण व्यवसायीसंग देहायको योजना संचालन एंव कार्यान्वयन गर्ने गरी खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले चाडपर्व र निर्माण कार्य थप हुनु जस्ता विभिन्न कारण खुलाई (जनाई) म्याद थपका लागि अनुरोध गरेको हुँदा प्राविधिक प्रतिवेदन समेतका आधारमा देहायको निर्माण व्यवसायीको देहाय बमोजिमको समय सम्मका लागि म्याद थप गर्ने गरी भएको प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरियो ।

| क.सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | ठेक्का रकम रु. | म्याद समाप्त हुने मिति | म्याद थप | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|---|
| १ | १५/०७८/०७९ | वडा नं. ११ देविनगर स्थित खुल्ला मञ्च तथा वाउण्ड्रीवाल निर्माण कार्य । | श्री शिवशक्ति कन्स्ट्रक्सन कम्पनी प्रा.लि., नयां बानेश्वर काठमाडौं । | ५,३२,३९,५१३।८४ | २०८०।०८।२४ | २०८०।०९।२४ | निर्माण कार्य थप हुनु, चाड पर्व लगायत अन्य आदि । |

**प्रस्ताव नं. ८.१५**
वडा नं. १८ र १९ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।

**निर्णय नं. ८.१५**
वर्तमान सङ्घीय संरचना बमोजिम प्रचलित कानूनले निर्दिष्ट गरे अनुरुपको कार्य सम्पादनका लागि भौतिक संरचनाहरुको आवश्यकता भएको । जनताको दैनिक कामकारवाही र सहज रुपमा सेवाप्रवाह गर्न, वडा कार्यालयबाट प्रदान गरिने सेवालाई पारदर्शी, छिटो, छरितो तथा चुस्त दुरुस्त बनाउन तथा हाल बहालमा वडा कार्यालय रहेको हुँदा आफ्नो भवन निर्माण गरी व्यवस्थित गर्नका लागि समेत वडा नं. १८ र १९ का लागि वडा कार्यालय भवनहरु निर्माण गर्न आवश्यक भएको हुँदा चालु आ.व. २०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम अन्तर्गत **९, १८ र १९ नं. वडा कार्यालयहरुका ट्रष्ट भवन निर्माण (३० लाखका दरले पहिलो चरण** )कार्यका लागि खर्च शीर्षक ३१११२ क.सं. ४७२ , आन्तरिक श्रोत नगद अनुदानमा रु. ९०,००,०००। बजेट विनियोजन भएकोमा हाल १८ र १९ नं. को वडा कार्यालय भवन निर्माणका लागि तत् तत् वडा कार्यालयको प्रस्तावित स्थानमा भवन निर्माणका लागि प्राविधिकबाट भ्याट र कन्टेन्जेन्सी सहित **रु. ३,३५,०७,१६४।४३ का दरले दुई वटा वडा कार्यालयको लागि जम्मा रु.६,७०,१४,३२८।८६ (अक्षरेपी रु. छ करोड सत्तरी लाख चौध हजार तीन सय अठ्ठाईस र पैसा छ्यासी मात्र)** लागत अनुमान पेश भएको । सो लागत अनुमान रकम मध्ये रु. ९०,००,०००। माथि उल्लेखित सोही योजनाको खर्च शीर्षकको बजेट रकमबाट र नपुग बाँकी रकम **रु. ५,८०,१४,३२८।८६** आगामी आ.व.को नगरसभाबाट बजेटको सुनिश्चितता हुने गरी बहुवर्षिय आयोजनामा समावेश गर्ने गरी स्वीकृत बजेट कार्यकम अर्न्तगत ठेक्का प्रकिया मार्फत कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.८.१६ विविध ।**
**प्रस्ताव नं. ८.१६.१**
टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७४ मा (चौथो संशोधन), २०८० संशोधन सम्बन्धमा ।

**निर्णय नं. ८.१६.१**
बुटवल उपमहानगरपालिकाबाट स्वीकृत टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७४ मा कार्यान्वयनका सन्दर्भमा केही परिमार्जन एवं संशोधन गर्न आवश्यक भएकोले देहाय बमोजिम हुने गरी उक्त निर्देशिका, २०७४ मा (चौथो संशोधन), २०८० संशोधन गर्ने निर्णय गरियो ।

| परिच्छेद,दफा, उपदफा,अनुसूची | साविकको भएको व्यवस्था | हुनु पर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| निर्देशिकाको शीर्षक परिर्वतन गर्ने | टोल विकास संस्था समन्वय समितिगठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७४ | टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७४ ( तेस्रो संशोधन र२०८० ) | टोल विकास संस्था परिचालनमा सहजता हुने । |
| अनुसूची १ को दफा ३ को उपदफा ३ | टोल संस्था तथा कार्यगत समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्नु उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ। | स्रोत साधनको सुनिश्चितता भएमा टोलबासीहरुलाई बाध्यात्मक आर्थिक बोझ नहुनेगरी टोल विकास संस्थाको माग र वडाको सिफारिस तथा नगर कार्यपालिकाको स्वीकृतिमा टोल विकास संस्थाले चल अचल सम्पत्ति प्राप्त गर्न उपयोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ। | टोल विकास संस्थालाई स्रोत उपलब्ध भएमा सम्पत्ति व्यवस्थापन गर्ने सहजता हुने। |
| अनुसूची १ को दफा ७ को उपदफा ८ | समितिका पदाधिकारीहरु चयन गर्दा दक्षता र क्षमताको आधारमा समावेशी गराउन पहल गर्नुपर्नेछ । | टोल विकास संस्थाको कार्य समितिको पदाधिकारी समावेशी गराँउने कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ। | समावेशी हुँदा टोलविकास संस्था-परिचालनमा सहजता हुने। |
| दफा ११ को उपदफा ४ | संस्थाका कार्यकाल २ वर्षको हुनेछ । साथै संस्थाका पदाधिकारीहरु २ पटकसम्म कार्य समितिमा रहन सक्नेछन। | संस्थाको अध्यक्षको पदावधि २ कार्यकाल भन्दा बढी हुने छैन। | अध्यक्षको कार्यकाल तोक्दा टोल विकास संस्था परिचालनमा सहजता हुने |
| थप | | टोल विकास संस्थाको साधारण सभा तथा अधिवेशन समयमा नगरेमा वडा कार्यालयको समन्वय सहजिकरणमा छिटो अधिवेशन गराई सो को जानकारी सम्वन्धित शाखामा गराउनु पर्नेछ। | टोल विकास सस्थाको नियमन तथा अध्यावधिक गर्न सहजता हुने । |

**प्रस्ताव नं. ८.१६.२**

शीर्षकान्तर एवं रकमान्तर सम्बन्धमा ।

**निर्णय नं. ८.१६.२**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. ०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम अन्तर्गतका स्वीकृत कार्यक्रमहरु मध्ये देहायको आयोजनामा स्वीकृत बजेट तथा कार्यक्रम विविध कारणहरुले गर्दा कार्यान्वयन गर्न नमिल्ने र नपर्ने भएको हुँदा उक्त शीर्षकहरुलाई देहायका शीर्षकहरुमा शीर्षकान्तर एवं रकमान्तर गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने र उक्त विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | बजेट सि.न. | योजनाको नाम | बजेट रकम | परिवर्तित योजनाको नाम | शीर्षकान्तर कारण |
|---|---|---|---|---|---|
| १ | ५०४ | गंगापथ सडक मर्मत वडा नं. १० अधुरो कार्य पुरा गर्न | रु.६ लाख | भिमसेन पथमा ग्राभेल स्तरीय वडा नं. १० | उक्त सडक पिच भईसकेको हुँदा बजेट हाल आवश्यक नभएको |
| २ | ५४६ | मोतिगञ्ज टोलमा केशव पराजुलीको घर अगाडि घरदेखिको बाटो नाला कल्भेट निर्माण वडा नं. १४ | रु.१० लाख | मोतिगञ्ज पूर्वी टोल कुलो निर्माण वडा नं. १४ | स्थानीय आवश्यकता अनुसार |
| ३ | ५५७ | बेलभरिया कुलोमा कल्भर्ट निर्माण वडा नं. १४ | रु.६ लाख | माउण्टेन ट्रष्ट अगाडि खाली जग्गामा खुल्ला व्यायामशाला निर्माण वडा नं. १४ | स्थानीय आवश्यकता अनुसार |

**प्रस्ताव नं. ८.१६.३**

अभियानपथ सडकको मर्मत कार्य सम्बन्धमा ।

**निर्णय नं. ८.१६.३**

बुटवल उपमहानगरपालिका वडा नं. १० स्थित अभियानपथ सडक जिर्ण भई आवतजावतमा कठिनाई भएकोले रु. २५,२४,२५८।४७ थप बजेट समेतको व्यवस्था गरी मर्मत गर्नको लागि १० नं . वडा कार्यालयको च.नं. ८३८ मिति २०८०।१०।०३ गतेको पत्र मार्फत अनुरोध भई आएको सन्दर्भमा चालु आ.व. २०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत **अभियानपथ**

स्तरोन्नति बुटवल -१० का लागि खर्च शीर्षक ३११५१ क.सं. ४९५ , आन्तरिक स्रोत नगदमा रु. १,००,००,०००।-(एक करोड मात्र) बजेट विनियोजन भएकोमा उक्त अभियानपथ मर्मत गर्नका लागि प्राविधिकबाट भ्याट र कन्टेन्जेन्सी सहित **रु. १,२५,२४,२५८।४७ (अक्षरेपी रु. एक करोड पच्चीस लाख चौबीस हजार दुई सय अन्ठाउन्न र पैसा सच्चालीस मात्र)** लागत अनुमान पेश भएको । सो लागत अनुमान रकम मध्ये रु. १,००,००,०००।-(एक करोड मात्र) माथि उल्लेखित सोही योजनाको खर्च शीर्षकको बजेट रकमबाट र नपुग बाँकी रकम रु. **२५,२४,२५८।४७ (पच्चीस लाख चौबीस हजार दुई सय अन्ठाउन्न रुपैया सच्चालीस पैसा मात्र)** चालु आ.व. को खर्च शीर्षक २२५२९ क.सं.६०० **पूजिगत भैपरी**, राजश्व बाँडफाँट सङ्घीय सरकार नगदमा विनियोजित बजेट रकम रु. २,००,००,०००।- ( दुई करोड मात्र) मध्येबाट खर्च हुने गरी उल्लेखित आयोजनाको ठेक्का प्रकिया मार्फत कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.१६.४**

नगर प्रतिक चिन्ह छनौट सम्बन्धमा ।

**निर्णय नं. ८.१६.४**

बुटवल उपमहानगरपालिकाबाट नगर प्रतिक चिन्ह निर्माण गरी पेश गर्नका लागि खुला प्रस्ताव आह्वान गरिए बमोजिम प्रस्तुत हुन आएका करीब १ सय प्रतिक चिन्हहरुमध्ये नगरकार्यपालिका बैठकको निर्णयबाट गठन भएको सिफारिस समितिको सिफारिस बमोजिम स्याङ्जा जिल्ला साविक कृष्ण गण्डकी गाविस हाल बुटवल ११ बस्ने श्री सुशील न्यौपाने शौरभले पेश गरेको देहाय बमोजिमको प्रतिक चिन्ह उपयुक्त र सान्दर्भिक समेत भएको हुँदा उक्त प्रतिक चिन्ह (लोगो) छनौट गरी निजलाई रु. २५ हजार नगद र प्रमाणपत्र प्रदान गरी सम्मान गर्ने निर्णय गरियो । छनौट गरिएको प्रतिक चिन्ह अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने र नगर प्रतिक चिन्हका रुपमा नगरका सबै कार्यालय प्रयोजनमा नेपाल सरकारको लोगोसँगै अनिवार्य रुपमा प्रयोगमा ल्याउने र नगरसभा सदस्यहरुका लागि प्रतिक चिन्ह बनाएर लोगोका रुपमा लगाउने समेत निर्णय गरियो ।

समानता, स्वाभिमान र अवसर-बसनयोग्य बुटवल शहर

# बुटवल उपमहानगरपालिका

लुम्बिनी प्रदेश नेपाल

प्रस्ताव नं. ८.१६.५

मदन भण्डारी स्पोटर्स प्रतियोगिता सम्बन्धमा ।

निर्णय नं. ८.१६.५

चालु आ.व.०८०/०८१ को लागि स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम बजेट पुस्तिकाको सि.न. २६४ मा मदन भण्डारी स्पोटर्स एकेडमी प्रतियोगिता बजेट शीर्षक २२५२९ मा विनियोजित रकम मदन भण्डारी स्पोटर्स एकेडमीद्वारा पोखरामा संचालित राष्ट्रिय क्रिकेट प्रतियोगिता कार्यक्रमको लागि व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.१६.६**

बजेट विनियोजन सम्बन्धमा ।

**निर्णय नं.८.१६.६**

यस बुटवल उपमहानगरपालिकाद्वारा मिति २०८०/१०/४ गते देखि बुटवल उपमहानगरपालिका स्तरीय पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन हुन गईरहेको हुँदा मिति २०८०/९/८ मा बसेको नगर खेलकुद विकास समितिको बैठकको सिफारिस बमोजिम कार्यालयबाट पेश हुन आएको उल्लेखित रनिङ्ग शिल्ड प्रतियोगिताको विविध विधामा हुने खर्चको प्रस्तावित विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.१६.७**

सचेतनामूलक कार्यक्रममा भएको खर्चको भुक्तानी सम्बन्धमा ।

**निर्णय नं. ८.१६.७**

मिति २०८०/६/१२ गतेका दिन बुटवल उपमहानगरपालिका क्षेत्र भित्र नेपाल हृदयरोग निवारण प्रष्ठिान, रुपन्देही शाखाले विश्व मुटु दिवसको अवसर पारेर सचेतनामूलक साइकल र्‍याली सम्पन्न गरी उक्त कार्यक्रममा भएको खर्चको भुक्तानीका लागि नेपाल हृदयरोग निवारण प्रतिष्ठान, रुपन्देही शाखाको मिति २०८०/८/१२ को पत्रबाट अनुरोध भई आएको हुँदा चालु आ.व.०८०/०८१ को लागि स्वीकृत वार्षिक बजेट कार्यक्रम पुस्तिकाको सि.न.२९६ को कियाकलाप विजय उत्सव, विभिन्न दिवस तथा समारोह खर्च शीर्षकबाट खर्च जनिने गरी उक्त प्रतिष्ठानलाई रु.४९५२७।६५।-(उन्पचास हजार पाँच सय सत्ताइस रुपैया पैसठ्ठी पैसा मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ८.१६.८**

आयोजना स्वीकृत सम्बन्धमा ।

**निर्णय नं. ८.१६.८**

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न वडाहरुमा देहायका आयोजना एवं कार्यक्रमहरु संचालन गरी कार्यान्वयन गर्न आवश्यक भएको हुँदा देहाय बमोजिम.शीर्षकबाट बजेट व्यवस्था हुने गरी देहायका आयोजनाहरु स्वीकृत गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| सि नं. | विवरण | रकम | खर्च हुने शीर्षक |
|---|---|---|---|
| १ | महिला सचेतना केन्द्रको अधुरो भवन निर्माण वडा नं. १६ बैठौलिया | ४००,०००.०० | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.नं. ६७० |
| २ | थारु सांस्कृतिक संरक्षण समिति ट्रष्ट निर्माण वडा नं.१७ | ८००,०००.०० | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.नं. ६७० |

| सि नं. | विवरण | रकम | खर्च हुने शीर्षक |
|---|---|---|---|
| ३ | ज्ञानोदय मा.वि. भवन निर्माण वडा नं. ५ | १,०००,०००.०० | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.नं. ६७० |
| ४ | कान्ति मा. वि. टायल लगाउने कार्य वडा नं. ४ | १,०००,०००.०० | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.नं. ६७० |
| ५ | मणिमुकुन्दसेन पार्क भित्र कुडुले घर निर्माण वडा नं.२ | १,४००,०००.०० | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.नं. ६७० |
| ६ | लायन्सचोक बाटो मर्मतवडा नं. २ | १,४००,०००.०० | नगरप्रमुखको निर्णयमा हुने पूर्वाधार विकास सि.नं. ६७० |
| ७ | स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. १६ | १,०००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| ८ | सिद्धेश्वर माविको मैदानमा रहेको शौचालय निर्माणलाई नपुग बजेट थप वडा नं.७ | ७००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| ९ | दशरथपथ पश्चिम तर्फ मर्मत सम्भार, वडा नं. ८ | ५००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १० | मुर्जनिया सौराहा सडक अधुरो पिचका लागि वडा नं. १८ | ५००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| ११ | प्रगति मा.वि. रजत जयन्ती कार्यक्रमका लागि वडा नं.११ | २००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १२ | आर्दश स्पोर्टस क्लब भवन निमार्ण (अपुग बजेट) वडा नं.४ | ३००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १३ | समयमाई वनशक्ति दुर्गा मन्दिर, निर्माण तथा सौन्दर्यीकरण वडा नं.१८ | ५००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १४ | तार व्यवस्थापन वडा नं. १३ | ३००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १५ | न्यूभिजन फाउण्डेशन बुटवल १३ को पित्री कार्य भवन निर्माण | ३००,०००.०० | पुंजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १६ | अटो व्यवसायी महासंघको केद्रीय भवन निर्माण बुटवल २ मैनाबगर | ५००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १७ | चण्डीपथ सडक निर्माण अपुग रकम वडा नं. ११ | ३००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १८ | अस्थायी प्रहरी चौकी भवनको लागि ट्रष्ट निर्माण वडा नं. १४ वेलभरिया | ५००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| १९ | सहस्रपथ टोलमा प्रतिक्षालय मर्मत वडा नं. ३ | २००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| २० | सहस्रपथ टोलमा बाटोको दुवै छेउ मर्मत वडा नं.३ | २००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| २१ | होराइजनचोक कालिकापथ (सिद्धार्थपथ निर्माण) वडा नं. ११ | ८००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| २२ | वडा कार्यालय व्यवस्थापन वडा न ८ | ५००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |
| २३ | मेयर इलम कार्यक्रम बजेट थप | १०००,०००.०० | पुजिगत भैपरी ब.पु.सि.नं. ६०० |

| सि नं. | विवरण | रकम | खर्च हुने शीर्षक |
|---|---|---|---|
| २४ | जिल्ला क्रिकेट विकास समिति, प्रधानमन्त्री कप आयोजना | १००,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| २५ | आमा समूह वाद्यवाधन सामग्री खरिद वडा नं.१४ विनायकपुर | १५०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| २६ | नेपाली रेडियो नेटवर्क, काठमाडौं पालिका बहस कार्यक्रमकालागि | ४००,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| २७ | राधाकृष्ण मन्दिर वाद्यवाधन खरिद वडा नं.३ बमघाट | ५०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| २८ | क्षेत्री समाज नेपाल, बुटवल उपमहानगरपालिका कार्यक्रम सहयोग | ५०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| २९ | मिलनटोल विकास संस्था (शिवदुर्गा मन्दिर) श्रीमदभागवत् सप्ताह सञ्चालन वडा नं.१९ | ३०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३० | सहश्रधारा माघे संक्रान्तिपूजा सहश्रपथ टोल विकास संस्था वडा नं.३ | ५०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३१ | दुर्गा विसर्जन कार्यक्रम समय माईमन्दिर समिति, वडा नं. १८ | ५०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३२ | समिउल्लाह साह, उपचार खर्च वडा नं. १ | १०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३३ | देश दर्पण साप्ताहिक सन्देशमूलक सूचना प्रकाशन | २०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३४ | अन्तराष्ट्रिय चेस खेल प्रयोजनका लागि | १,५००,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३५ | बुटवल उपमहानगरपालिकाद्वारा स्थापना भई संचालनमा रहेको स्थानीय विकास कोषबाट कार्यक्रम सचालन भएका वडा नं.१४-१९ का महिलाहरुको शशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरुमा खर्च | ३००,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३६ | जिल्ला व्याडमिन्टन संघ | १००,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३७ | नवरत्न मा.वि. सेमलारमा अध्ययनरत श्री दिलिप थापा बुटवल-१२ भारत्तोलन खेलमा सहभागी भई विजयी भए वापत प्रोत्साहन | ५०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |
| ३८ | श्री रिता बि.क. बुटवल- ११ भारत्तोलन खेलमा सहभागी भई विजयी भए वापत प्रोत्साहन | ५०,०००.०० | नगरप्रमुख सामाजिक सहायता कार्यक्रम ब.पु.सि.नं. ४४९ |

प्रस्ताव नं. ८.१६.९

रुख कटान सम्वन्धमा ।

निर्णय नं.८.१६.९

बुटवल उपमहानगरपालिका वडानं.९ स्थित लुम्बिनी बसटर्मिनल परिसरमा बुटवल उपमहानगरपालिकाको आफ्नै स्वामित्वमा रहेको जग्गा (कि.न. ५ को २७,४८३.२० वर्ग मिटर) मा कार पार्किङ्ग व्यवस्थापनका लागि बहुतले व्यावसायिक (२१०२.५० वर्ग मिटरमा निर्माण हुने क्षेत्रफल) भवन निर्माण गर्ने योजना रहेको र उक्त आयोजना निर्माणका लागि नगर विकास कोषबाट बजेटको सुनिश्चितता भई DPR समेत स्वीकृत भईसकेकाले उक्त क्षेत्रमा रहेका रुखहरु प्रचलित कानून बमोजिम हटाउने तर्फ आवश्यक कारवाही प्रकिया अगाडि बढाउन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।